www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

# शहिद लखन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कृषि विकास शाखा
घैरुङ, गोरखा
२०७३

गण्डकी प्रदेश

प.सं. २०७५/०७६
च.नं.

मिति: २०७५/७/२८

## सुचना ! सुचना !! सुचना !!!

यस शहिद लखन गाउँपालिका को आ.व.२०७५ /७६ को वार्षिक कृषि विकास तर्फका कार्यक्रमहरु मध्ये निम्न कार्यक्रमहरु सूचना प्रकाशित गरी छनौट गर्नु पर्ने भएकोले इच्छुक कृषक समूह /सहकारी तथा फर्महरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलय कृषि शाखा वा सम्वन्धित वडाका कृषि प्राविधिकहरुलाई नियमपूर्वक निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ ।

***कार्यक्रमहरु :***

१.प्लाष्टिक पोखरी निर्माण ( प्लाष्टीक सहयोग,खाडल किसानले निश्चित मापदण्डमा आफै खन्नु पर्ने )
२.हाते ट्याक्टर वितरण (५० % अनुदान )
३.मकै छोडाउने मेशिन वितरण (५० % अनुदान )
४.मौरी घार वितरण (५० % अनुदान )
५.माछा पोखरी निर्माण (रु १०००० ।- प्रति रोपनी अनुदान )

**आवश्यक कागजात :**

१.कृषक समूह /सहकारी फर्मले वैठक बसी माग गरेको निर्णय वा समूहको कुनै व्यक्तिलाई छनौट गर्ने भए उक्त व्यक्तिलाई सिफारिस गरेको निर्णयको प्रतिलिपि ।
२.गाउँपालिकामा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि ।
३.सम्बन्धित वडा कार्यलय र वडा प्राविधिकको छुट्टा छुट्टै सिफारिस ।
४.माछा पोखरी निर्माण को हकमा पोखरी खन्ने कृषकको लालपूर्जा र नागरिकताको फोटोकपी १/१ प्रति र समूह / सहकारीले निर्णय गरेको प्रतिलिपि ।
५.यस अघि जिल्ला कृषि विकास कार्यलयमा दर्ता भएका समूह /सहकारी / फर्मले यस गा.पा. को कृषि शाखामा सुचिकृत नभएको भए पहिला सुचिकृत भई निवेदन गर्न सकिने छ ।
६.छुट्टा छुट्टै कार्यक्रमको लागि छुट्टा छुट्टै निवेदन दिनुपर्ने छ ।
७.मौरी घार को हकमा व्यक्तिले पनि निवेदन दिन सक्ने छन् /समूह सहकारी को निर्णय अनिवार्य पर्दैन ।

पुनश्च :निवेदन संकलन भई सके पछि प्राविधिकहरुको स्थलगत निरीक्षण प्रतिवेदन र वडा कार्यलयको सिफारिस समेतको आधारमा कार्यक्रम छनौट सम्वन्धि निर्णय गरी सम्झौताको लागी बोलाइने छ। मौरी घार वितरण सम्वन्धि कार्यक्रम संवन्धीत वडा का जे.टि.ए. मार्फत गरिनेछ ।सुचना प्रकाशन पश्चात दर्ता भएका नयाँ संस्था लाई कार्यक्रम मा सहभागी गराइने छैन तर सुचना प्रकाशन अघि नै साविकको जिल्ला कृषि विकास कार्यलयमा दर्ता भएका संस्थाहरुले भने सुचना को म्याद भित्र गाउँपालिका मा सुचिकृत भई अनुदान कार्यक्रमको लागि निवेदन दिन सक्नेछन् ।

जीवन बहादुर आलेमगर
प्रमुख प्रशाशकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत